# स्थानीय राजपत्र

## कोशी गाउँपालिका लौकही, सुनसरी, प्रदेश नं. १, नेपाल द्वारा प्रकाशित

खण्ड ४, संख्या २, मिति २०७७/०३/२९ गते

स्थानीय सरकार संचान ऐन, २०७४ को दफा १०२ बमोजिम कोशी गाउँपालिकाको गाउँसभाले पारित गरेको तल लेखिए बमोजिमको विनियोजन ऐन, २०७७ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग १
## विनियोजन ऐन, २०७७

**प्रस्तावनाः**

कोशी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि संचालित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कोशी गाउँपालिकाको गाउँसभाले यो विनियोजन ऐन पारित गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७७ " रहेको छ ।

(२) यो ऐन विक्रम सम्बत २०७७ श्रावण १ गतेबाट प्रारम्भ हुने छन् ।

२. **आर्थिक वर्ष २०७७/७८ को निर्मिच सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७७/७८ मा गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वितीय व्यवस्थाको रकम समेत गरी जम्मा रु. ४७,६२,४२,०००।- (सडचालिस करोड बयासठ्ठी लाख वयालिस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । उक्त रकम वाहेक संघीय सरकार, प्रदेश सरकार र अन्य श्रोतबाट थप प्राप्त हुने रकमलाई सञ्चित कोषमा आम्दानी गर्न र रकम प्राप्त हुँदा तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न उक्त सीमाले बाधा पुगेको मानिने छैन ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त कोशी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा सार्न तथा एक वा सोभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ । पूँजीगत खर्च र वितीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य

चालु खर्च शीर्षकतर्फ सार्न र वितीय व्यवस्था अन्तर्गत साँवा व्याज भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वितीय व्यवस्थको खर्च व्यहोर्ने एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ । साथै कुनै कार्यक्रममा विनियोजित रकम सो कार्यक्रम संचालन गर्नु नपर्ने वा अन्य कुनै श्रोतबाट संचालन हुने अवस्था हुने अवस्था आएमा वा अन्य कुनै कारणबाट सो कार्यक्रमको सबै रकम अन्य पूर्जीगत कार्यक्रममा सार्न परेमा औचित्य र कारण खुलाई कार्यपालिकाले निर्णय गरी सार्न सक्नेछ । संघीय सरकार वा प्रदेश सरकारले कुनै कार्यक्रमको अख्तियारी सहित रकम उपलब्ध गराएकोमा सो कार्यक्रम संचालन गर्न उल्लेखित सीमाले कुनै बाधा पुग्नेछैन ।

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९(२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम)

आ.व. २०७७/०७८ रकम रु. हजारमा

| शीर्षक | आ.व. २०७५/०७६ को यथार्थ | आ.व. २०७६/०७७ को संशोधित अनुमान | आ.व. २०७७/०७८ को अनुमान |
|---|---|---|---|
| आय | ३९६४५३ | ४२०१९७ | ४७६२४२.५७ |
| राजश्व | १३७६६१ | १०३३७० | १४७७४२.५७ |
| आन्तरिक श्रोत | १४७९५ | १२०५० | ४३०३२ |
| राजश्व बाँडफाडँ प्राप्त रकम | ७२८७३ | ७७१८५ | १०१७१०.५७ |
| गाउँविकास कोषको रकम | ०० | ०० | ०० |
| गत वर्षको अल्या | ४९९९३ | १४१३५ | ३००० |

| शीर्षक | आ.व. २०७५/०७६ को यथार्थ | आ.व. २०७६/०७७ को संशोधित अनुमान | आ.व. २०७७/०७८ को अनुमान |
|---|---|---|---|
| अन्तर सरकार वितिय हस्तान्तरण | २५८७९२ | ३१६८२७ | ३२८५०० |
| संघीय सरकार | **२४२००५** | **२८४०८२** | **३११९००** |
| समानीकरण | १३४७०० | १३६५०० | १३६००० |
| शसर्त अनुदान | १०७३०५ | १४७५८२ | १७५१०० |
| समपुरक अनुदान | ०० | ०० | ०० |
| विशेष अनुदान | ०० | ०० | ०० |
| अन्य अनुदान | ०० | ०० | ०० |
| प्रदेश सरकार | **१६७८७** | **३२७४५** | **१७४४३** |
| समानीकरण | ३७८७ | ७४७२ | ७४४३ |
| शसर्त अनुदान | १३००० | १२५६३ | ०० |
| सम्पुरक अनुदान | | १०००० | १०००० |
| विशेष अनुदान | | २७१० | ०० |
| व्यय | **३८२३१८** | | |
| चालु खर्च | २१९२४० | २४७२०८ | २९६९६८.८०२ |
| पूँजीगत खर्च | १६३०७८ | १७२९८९ | १७९२७३.७६८ |
| वितीय | ०० | ०० | ०० |

प्रमाणिकरण मितिः २०७७/३/२५

आज्ञाले,
खगेन्द्र गिरी
प्रमुख प्रशासकीय अधिकृत